नेपाल सरकार
# महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय
सिंहदरबार, काठमाडौं, नेपाल

फोन नं. :४२०००८२/४२००४१३/४२००४०८
फ्याक्स : ४२००११६
इमेल : info@mowcsc. / io@mowcsc.gov.np
वेभसाईड : www.mowcsc.gov.np

पत्र संख्या :
चलानी नं.:

## प्रेस विज्ञप्ती

आज २०८० फाल्गुण ९ गतेका दिन संघ, प्रदेश र स्थानीय तहबीचको अन्तरसम्बन्ध सहकारिता, सहअस्तित्व, समन्वय र पारस्परिक सहयोगको आधारमा व्यवस्थित गर्नको लागि अन्तरतह समन्वय विषयगत समितिको बैठक महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयका माननीय मन्त्री सुरेन्द्रराज आचार्यको अध्यक्षतामा प्रदेश सरकारका सामाजिक मामिला सम्बन्धी मन्त्रालयका माननीय मन्त्रीहरु, सचिवहरु, बुद्धभूमि नगरपालिकाका नगर प्रमुख, जिल्ला समन्वय समिति महासंघका प्रतिनिधि, नेपाल नगरपालिका संघका प्रतिनिधि, गाउँपालिका महासंघका प्रतिनिधिहरुको उपस्थितिमा होटल बाराही काठमाडौंमा सम्पन्न भयो।

संघ, प्रदेश र स्थानीय तहको समन्वय र सहकार्यलाई प्रभावकारी बनाउनको लागि अन्तरतह समन्वय (विषयगत समितिको बैठक) कार्यक्रममा मन्त्रालयका सहसचिव श्री आभा श्रेष्ठ कर्णले स्वागत गर्दै कार्यक्रम सञ्चालन गर्नु भयो र मन्त्रालयका सहसचिव श्री इन्दु घिमिरेले बैठकको एजेण्डामाथि प्रकाश पार्नु भएको थियो।

यसै सन्दर्भमा प्रदेश सरकारका सचिवहरुले प्रदेश र स्थानीय तहको क्षमता विकास गर्नुपर्ने स्रोतसाधनको व्यवस्थापन सहित तीन तहबीच समन्वय, सहकार्य र साझेदारीको विकास हुनु पर्ने विषयलाई जोड दिनु भएको थियो। यसै गरी प्रदेश सरकारका माननीय मन्त्रीहरुको कानून बमोजिम तोकिएका तहगत क्षेत्राधिकार भित्रका प्रावधानहरु कार्यान्वयन गर्ने विषयमा ऐक्यबद्धता रहेको थियो। बैठकमा संघको वित्तीय सहयोगमा प्रदेशलाई व्यवस्थापकीय भूमिका र सेवा प्रवाहमा स्थानीय तहको जिम्मेवारी रहने विषयलाई जोड दिईएको थियो।

मन्त्रालयबाट प्रस्तुत गरिएको एजेण्डामा प्रदेश सचिवहरु, गाउँपालिका महासंघ, नेपाल नगरपालिका संघ, जिल्ला समन्वय समिति महासंघका प्रतिनिधिहरुले आ–आफ्नो धारणा राखु भएको थियो। छलफलमा प्रदेशले गरेका कार्यहरु तथा कार्यान्वयनका सम्बन्धमा सामाजिक क्षेत्र विशेष गरी महिला, बालबालिका, ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति लगायतका क्षेत्रमा नीति, बजेट तथा कार्यक्रममा संघ, प्रदेश तथा स्थानीय तह बीच सहलगानी र व्यवस्थापनमा साझेदारी हुनुपर्ने विषयमा जोड दिईएको थियो। बैठकमा प्रदेश सरकारका सामाजिक मामिला हेर्ने शाखा/महाशाखाहरुको नीति तथा बुझाईमा एकरुपता, कार्यान्वयनमा दोहोरोपना हटाउने, स्रोतमा साझेदारी गर्नका लागि बैठकले सहयोग गर्ने तथा यस समितिको बैठक ६/६ महिनामा गरिनुपर्ने विषयहरु उठान भएको थियो। बैठकमा मन्त्रालयका सचिव श्री सुमनराज अर्यालले बैठकको एजेण्डामा गरिनुपर्ने निर्णयका सम्बन्धमा संयोजन एवम् सहजीकरण गर्नु भएको थियो। अन्त्यमा, मन्त्रालयका माननीय मन्त्री सुरेन्द्रराज आचार्यले संघीयताको प्रभावकारी कार्यान्वयनका लागि संविधान तथा विद्यमान कानून बमोजिम सहकार्य गरी सामाजिक क्षेत्रको विकास तथा सेवा प्रवाहमा अभिवृद्धि गर्नुपर्ने निर्देशनात्मक मन्तव्य दिनु भएको थियो।

फाल्गुण ०९, २०८०

इन्दु घिमिरे
प्रवक्ता/सहसचिव